# भाग ५

## नेपाल सरकार

## भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको

## सूचना

नेपाल सरकार, मन्त्रिपरिषद्ले सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी मुग्लिङ-पोखरा सडक अन्तर्गत मुग्लिङदेखि आँबुखैरेनीसम्म हालको राजमार्गको समानान्तर मुग्लिङ बजारको पारिपट्टि त्रिशुली किनार (गोरखातर्फ) देखि मर्स्याङ्दी नदीको बायाँ किनार हुँदै मर्स्याङ्दी विद्युत गृहको पारिपट्टिसम्म थप सडकको रेखाङ्कन गरी उक्त सडकको केन्द्र रेखादेखि दायाँ वायाँ दुवैतिर १५/१५ मिटर गरी जम्मा ३० मीटर सडकको सीमा (Right of Way) तोक्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**

**केशव कुमार शर्मा**

**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।